आज मिति २०७८ साल माघ १६ गते विहान ११ : ०० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री गुणेन्द्र घर्तीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०७८/०७९ को चौँथो गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिती :

क्र.सं	नाम, थर	पद	हस्ताक्षर
१	श्री गुणेन्द्र घर्ती	गाउँपालिका अध्यक्ष	
२	श्री बाग्मती क्षेत्रीनी	गाउँपालिका उपाध्यक्ष	
३	श्री केशवलाल कवर	वडा अध्यक्ष वडा नं. १	
४	श्री नेत्र बहादुर गिरी	वडा अध्यक्ष वडा नं. २	
५	श्री गञ्ज बहादुर क्षेत्री	वडा अध्यक्ष वडा नं. ४	
६	श्री नमराज थापा	वडा अध्यक्ष वडा नं. ५	
७	श्री अर्जुन सुवेदी	वडा अध्यक्ष वडा नं. ६	
८	श्री मानसिं पुन	वडा अध्यक्ष वडा नं. ७	
९	श्री पुर्ण बहादुर पुन	वडा अध्यक्ष वडा नं. ८	
१०	श्री सुना परियार	कार्यपालिका सदस्य वडा नं. ५	
११	श्री आशा सुनार	कार्यपालिका सदस्य वडा नं. ६	
१२	श्री सुनिता रोकामगर	कार्यपालिका सदस्य वडा नं. ७	
१३	श्री मन्सरी वि.क.	कार्यपालिका सदस्य वडा नं. ८	
१४	श्री तुल्सी सुनार	कार्यपालिका सदस्य वडा नं. १	
१५	श्री चन्द्र मरमथानी	कार्यपालिका सदस्य वडा नं. २	
१६	श्री मोतिम आलम	सचिव, नि. प्रमुख प्रशासकीय अधिकृत	
आमन्त्रित			
१	श्री गौतम भण्डारी	उप-सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाण्डौँ	
२	श्री गिर बहादुर विष्ट	का.वा. वडा अध्यक्ष वडा नं. ३	
सहयोगी कर्मचारीहरु			
१	नुमाकान्त कालाथोकी	प्रशासन शाखा प्रमुख	
२	रेकम पोखेल	लेखापाल	
३	दुर्योधन महरा	सहायक कम्प्यूटर अपरेटर	

चौँथो गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१) गाउँसभा सञ्चालन सम्बन्धमा ।
२) कार्यविधि स्वीकृत सम्बन्धमा ।
३) प्रदेश समपुरक र विशेष अनुदान माग सम्बन्धमा ।
४) पत्रकारीता तालिम सम्बन्धमा ।
५) सुशासन पदाधिकारी छनौट सम्बन्धमा ।
६) १५ शैया अस्पताल निर्माण सम्बन्धमा ।
७) खेल पूर्वाधार आयोजना माग सम्बन्धमा ।
८) वडा नं. ६ को वडा कार्यालय भवन निर्माण सम्बन्धमा ।
९) खुंग्रि स्वास्थ्य चौकीको एम्बुलेन्स खरिद सम्बन्धमा ।
१०) बैंक कारोबार सम्बन्धमा ।
११) एम.आई.यस. अपरेटर र फिल्ड सहायकहरुको तलव, भत्ता साझेदारी सम्बन्धमा ।
१२) पोषण पुनर्स्थापना (बहिरंग सेवा) स्थापना सम्बन्धमा ।
१३) करार स्वास्थ्यकर्मी माग सम्बन्धमा ।
१४) अरेश स्वास्थ्य चौकीलाई सुरक्षित गर्भपतन सेवा सूचीकृत गर्ने सम्बन्धमा ।
१५) बालविकास शिक्षक, विद्यालय कर्मचारी, सामुदायीक सिकाई केन्द्रका सहजकर्ता र कार्यालय सहयोगीहरुको बजेट थप सम्बन्धमा ।
१६) विविध छलफल सम्बन्धमा ।

२०७८ माघ १६ गते बसेको चौँथो कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं.	प्रस्ताव	संक्षिप्त व्यहोरा	प्रस्तावित निर्णय	निर्णय
१	गाउँसभा सञ्चालन सम्बन्धमा ।	एघारौँ गाउँसभा तथा हिउदे अधिवेशन गर्न आवश्यक रहेको ।	गाउँपालिकालाई आवश्यक पर्ने ऐन, नियम, कार्यविधि, योजना तथा बजेट संशोधन गर्नुपर्ने भएको हुदाँ चालु आ.व.को हिउदे अधिवेशन तथा एघारौँ गाउँसभा मिति २०७८/११/१६ गते दिनको ११ बजे गाउँपालिका सभाहलमा बस्ने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।
२	कार्यविधि स्वीकृत सम्बन्धमा ।	गाउँपालिकालाई आवश्यक पर्ने कार्यविधिहरु तयार भई पेश हुन आएका विभिन्न कार्यविधिहरु पारित गर्नुपर्ने ।	गाउँपालिकालाई आवश्यक पर्ने सुनिलस्मृति गाउँपालिका नगर प्रहरी सञ्चान तथा व्यवस्थापन कार्यविधि, २०७८, कर्मचारी आचारसंहिता कार्यविधि, २०७८, सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि, २०७८, सुनिलस्मृति गाउँपालिका जलश्रोत तथा मुहान दर्ता सम्बन्धि कार्यविधि, २०७८, अटो तथा ई-रिक्सा व्यवस्थापन निर्देशिका, २०७८ लाई पारित गर्ने निर्णय गरियो ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।
३	प्रदेश समपुरक र विशेष अनुदान माग सम्बन्धमा ।	यस गाउँपालिकामा आवश्यक रहेका आयोजना तथा कार्यक्रमका लागि प्रदेश सरकारसँग समपूरक र विशेष अनुदानका आयोजना तथा कार्यक्रमहरुका लागि प्रस्ताव माग गर्न आवश्यक रहेको ।	यस गाउँपालिका अन्तर्गत आगामी आ.व.मा सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरु प्रदेश सरकार आर्थिक मामिला तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेश, मुकाम बुटवल नेपालमा अनुसूची-१, बमोजिमका आयोजना तथा कार्यक्रमहरु माग गर्ने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।
४	पत्रकारीता तालिम सम्बन्धमा ।	नेपाल पत्रकार महासंघ जिल्ला शाखा रोल्पाले आधारभूत पत्रकारिता तालिम सञ्चालन गर्ने भनि पत्र प्राप्त भएको ।	नेपाल पत्रकार महासंघ जिल्ला शाखा रोल्पाको मिति २०७८/०९/२२ गतेको प्राप्त पत्रानुसार यस गाउँपालिकामा आधारभूत पत्रकारिता तालिम सञ्चालन गर्ने भनि प्रस्ताव पेश गरेको हुदाँ बजेट श्रोतको अनुकुलता हेरी कार्यान्वयनका लागि कार्यालयलाई जिम्मा दिने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।

५	सुशासन पदाधिकारी छनौट सम्बन्धमा ।	सुशासन पदाधिकारी छनौट गर्न आवश्यक रहेको ।	यस अघी गठन भएको सुशासन तथा क्षमता विकास समितिलाई निरन्तरता दिने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।
६	१५ शैया अस्पताल निर्माण सम्बन्धमा ।	यस गाउँपालिकाका लागि १५ शैया अस्पताल निर्माण कार्य अगाडी बढाउन आवश्यक रहेको ।	मिति २०७८/०९/०५ गते बसेको कार्यपालिका बैठबाट यस अघि गठन भएको कार्यदललाई एक हप्ता भित्र जग्गा छनौट गरि गाउँपालिकामा पेश गर्ने भनि निर्णय भएको हुँदा कार्यदलको प्रतिवेदनबाट प्राप्त वडा नं. २ खुंग्री, वडा नं. ४ को छिर्ने र सुलिचौरलाई छनौट गरी जग्गा छनौटका लागी प्रमुख जिल्ला अधिकारी समक्ष पेश गर्ने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।
७	खेल पूर्वाधार आयोजना माग सम्बन्धमा ।	युवा तथा खेलकुद मन्त्रालयमा खेल पूर्वाधार निर्माणका लागि आवेदन पेश गर्न आवश्यक रहेको ।	नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयको मिति २०७८/०९/१९ गतेको प्रकाशित सूचना अनुसार स्थानीय तहमा खेलकुद पूर्वाधार सम्बन्धी कार्यविधि (संशोधन सहित) को अनुसूची १ बमोजिम माग गर्ने भनि सूचना प्रकाशित भएको हुदाँ सोही अनुसार यस गाउँपालिकाको वडा नं. ४ मा रहेको छिर्ने खेल मैदानका लागि आवेदन पेश गर्ने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।
८	वडा नं. ६ को वडा कार्यालय भवन निर्माण सम्बन्धमा ।	वडा नं. ६ को वडा भवन निर्माण गर्न आवश्यक रहेको ।	वडा नं. ६ को वडा कार्यालय भवन निर्माणका लागि बजेट व्यवस्था भएको हुँदा पुरानो संभौताका सम्बन्धमा आवश्यक प्रकृया अगाडि बढाई भवन निर्माण कार्य अगाडी बढाउने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।
९	खुंग्रि स्वास्थ्य चौकीको एम्वुलेन्स खरिद सम्बन्धमा ।	खुग्री स्वास्थ्य चौकीको एम्वुलेन्स खरिद गर्न आवश्यक रहेको ।	यस गाउँपालिका वडा नं. २ को वडा कार्यालयबाट आ.व. २०७८/०७९ को बार्षिक स्वीकृत कार्यक्रमबाट खुंग्री स्वास्थ्य चौकीको लागि एम्बुलेन्स खरिद गर्न बजेटको व्यवस्था भएको हुदाँ एम्वुलेन्स खरिदका लागी स्वास्थ्य कार्यालय रोल्पालाई अनुरोध गर्ने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।
१०	बैंक कारोबार सम्बन्धमा ।	यस गाउँपालिकाको थप कारोबार विस्तारका लागि बैंक थप गर्न आवश्यक रहेको ।	यस गाउँपालिकाको आर्थिक कारोबार ग्लोवल आई.एम.ई. बैंक सुलिचौर शाखाबाट मात्रै गर्दै आईरहेकोमा सेवाग्राहीको चापका कारण समस्या भएको भनि गुनासो आएको हुदाँ यस गाउँपालिका अन्तर्गतका विद्यालय तथा कोभिड प्रभावित भई रोजगार गुमाएका व्यक्तिहरुको भुक्तानी एन.सि.सि. बैंक सुलिचौर शाखाबाट गर्ने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।
११	एम.आई.यस. अपरेटर र फिल्ड सहायकहरुको तलव भत्ता साझेदारी सम्बन्धमा ।	एम.आई.यस. अपरेटर र फिल्ड सहायकहरुको तलव भत्ता साझेदार गर्न आवश्यक देखिएको ।	नेपाल सरकार, गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको मिति २०७८/०९/२७ को प्राप्त पत्रानुसार यस गाउँपालिमा कार्यरत एम.आई.यस. अपरेटर र फिल्ड सहायकहरुका लागि आगामी आ.ब. २०७९/०८० को लागि उल्लिखित सेवा ईकाइमा कार्यरत जनशक्तिको पारिश्रमिक रकमको आधा रकम अर्थात् छ महिना बराबर हुन आउने बजेट साझेदारीको लागि अनुरोध पत्र प्राप्त भएको हुदाँ यस गाउँपालिकामा कार्यरत एम.आई.यस. अपरेटर र फिल्ड सहायकहरुको तलव भत्ता साझेदारी गर्ने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।
१२	पोषण पुनर्स्थापना (बहिरंग सेवा) स्थापना सम्बन्धमा ।	पोषण पुनर्स्थापना (बहिरंग सेवा) स्थापना गर्न आवश्यक रहेको ।	यस गाउँपालिका अन्तर्गत सुलिचौर प्राथमिक स्वास्थ्य केन्द्र सुलिचौरलाई पोषण पुनर्स्थापना (बैरङ्ग सेवा) स्थापना गर्ने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।
१३	करार स्वास्थ्यकर्मी माग सम्बन्धमा ।	करार स्वास्थ्यकर्मी माग गर्ने सम्बन्धमा ।	यस गाउँपालिका अन्तर्गत वडा नं. ३ र ५ मा रहेको आधारभूत स्वास्थ्य केन्द्रमा १/१ जना अ.हे.व., १/१ जना अ.न.मी. र १/१ जना कार्याललय सहयोगी तथा प्राथमिक स्वास्थ्य केन्द्र सुलिचौरमा १ जना रेडियोग्राफ नियुक्त गर्ने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।

१४	अरेश स्वास्थ्य चौकीलाई सुरक्षित गर्भपतन सेवा सूचीकृत गर्ने सम्बन्धमा ।	अरेश स्वास्थ्य चौकीलाई सुरक्षित गर्भपतन सेवाको लागी सूचीकृत गर्नुपर्ने ।	अरेश स्वास्थ्य चौकीलाई सुरक्षित गर्भपतन सेवाका लागी सूचीकृत गरी सेवा प्रवाह गर्ने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।
१५	बालविकास शिक्षक, विद्यालय कर्मचारी, सामुदायीक सिकाई केन्द्रका सहजकर्ता र कार्यालय सहयोगीहरुको बजेट थप सम्बन्धमा ।	बालविकास शिक्षक, विद्यालय कर्मचारी, सामुदायीक सिकाई केन्द्रका सहजकर्ता र कार्यालय सहयोगीहरुको बजेट थप गरिएको ।	यस गाउँपालिकाको दशौ गाउँसभाबाट बालविकास शिक्षक, विद्यालय कर्मचारी, सामुदायीक सिकाई केन्द्रका सहजकर्ता र कार्यालय सहयोगीहरुलाई खाइपाई आएको पारिश्रमिकमा थप २/२ हजार थप गर्ने भनि गाउँपालिका शिक्षक अनुदान तथा बालविकास केन्द्रका सहजकर्ता र कर्मचारीलाई पारिश्रमिक खर्च शिर्षकमा बजेटको व्यवस्था भएको हुदाँ चालु आ.व. देखि हालसम्म भुक्तानी भएको पारिश्रमिकलाई अनुमोदन गर्ने तथा आगामी चौमासिकहरुमा पनि सोही अनुसार भुक्तानी गर्ने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।
१६	विविध छलफल सम्बन्धमा ।	प्रस्ताव भित्र नपरेका अध्यक्ष ज्यू, कार्यपालिका सदस्य ज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको । **क)** सुलिचौर अरेश जोड्ने अबरुद्ध मोटरबाटो सूचारुका लागि प्रदेश सरकासँग बजेट माग गर्ने सम्बन्धमा । **ख)** प्रशासकीय भवन र जनज्योति मा.वि.को लागत अनुमान तथा बोलपत्रलाई अनुमोदन गर्ने सम्बन्धमा । **ग)** खुंग्री नमुना माध्यामिक विद्यालयको गुरु योजना स्वीकृत सम्बन्धमा । **घ)** जस्तापाता रकम भुक्तानी गर्ने सम्बन्धमा । **ङ)** विद्यालय सञ्चालन सम्बन्धमा ।	**क)** सुलिचौर अरेश जोड्ने मोटरबाटो वडा नं. ४ धनचौरमा लामो समयसम्म अवरुद्ध भएको र गाउँपालिकाबाट धेरै प्रयास गर्दा पनि सूचारु हुन नसको र गाउँपालिकामा बजेट समेतको अभाव भएको हुदाँ प्रदेश सरकार, लुम्बिनि प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा बजेट माग गर्ने । **ख)** यस सुनिलस्मृति गाउँपालिकाको आ.व. २०७८/०७९ मा सञ्चालन गर्ने गरी गाउँपालिकाको प्रशासकीय भवन र जनज्योति मा.वि. गजुल भवन निर्माण योजनाको लागत अनुमान रकम रु १००००००। (एक करोड) भन्दा माथि भएकोले राजपत्राङ्कित तृतिय श्रेणीको कर्मचारीबाट स्वीकृत गर्न नमिल्ने भएको हुदाँ सो पद भन्दा माथिको कर्मचारी नभएकोले माथिल्लो निकायबाट स्वीकृत गर्ने प्रावधान रहेको हुदाँ पेश भए बमोजिमको लागत अनुमानलाई अनुमोदन गर्ने । **ग)** त्रिपुरेश्वरी नमुना माध्यामिक विद्यालय खुंग्री रोल्पाको गुरुयोजना स्वीकृत गर्ने । **घ)** गत आ.व.मा सञ्चालित सुरक्षित नागरिक आवस लाभग्राहीहरु छनौट भई कार्यक्रम सञ्चालन भएको हुदाँ उक्त सञ्चालन कार्यक्रमबाट सुरक्षित आवास निर्माण गरि भुक्तानी लिन बाँकी रहेका लाभग्राहीको रकम भुक्तानी गर्ने । **ङ)** कोभिड-१९ का कारण भौतिक उपस्थितिमा विद्यालय सञ्चालन गर्दा संक्रमण फैलन सक्ने अवस्थालाई मध्यनजर गर्दै शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७८/१०/१० गतेको सूचना अनुसार मिति २०७८/१०/२० गतेसम्म विद्यार्थीहरुलाई अभियानको रुपमा खोप दिने प्रयोजनको लागि विद्यालय खुल्ला गरी उक्त समयमा तोकिएको उमेर समुहका सबै विद्यार्थीहरुलाई खोप लगाउने व्यवस्था गरी खोप लगाएको विवरण सुनिश्चित गर्न गाउँपालिका शिक्षा शाखालाई जिम्मा दिने साथै विद्यालयमा भौतिक उपस्थित भई पठनपाठन गर्ने कार्यलाई माघ मसान्त सम्म बन्द गर्ने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।

अनुसूची-१

प्रदेश समपुरक				
क.सं.	आयोजनाको नाम	प्रदेश तर्फ	गाउँपालिका तर्फ	कुल जम्मा
१	गाउँपालिका प्रशासकीय भवन	१५००००००	१५००००००	३०००००००

प्रदेश विशेष अनुदान		
क.सं.	आयोजनाको नाम	लागत अनुमानित
१	कर्म, सिस्नेबाङ, बुद्रीबास, रिघिम जलजला मोटरबाटो	३ करोड